नरैनापुर गाउँपालिका
Narainapur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : २०८२।०८३
चलानी नः ६७६

मितिः २०८२।१२।०६
नेपाल संम्वत ११४६ चौलाथ्य

**विषय: निःशुल्क सीपमूलक तालिममा सहभागी छनोट गरी पठाउने सम्बन्धी सूचना।**

**श्री सम्पूर्ण वडा अध्यक्ष ज्यू,**
वडा कार्यालय (१ देखी ६),
नरैनापुर गाउँपालिका, नरैनापुर बाँके।

उपरोक्त विषयमा **पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.ली.**, पोखरा (CTEVT बाट सम्बन्धन प्राप्त) ले यस गाउँपालिकाका विभिन्न वडामा रहेका **बेरोजगार युवाहरू** , जो वैदेशिक वा स्वदेशमै रोजगारी र उद्यमी बन्न चाहन्छन्, उनीहरूका लागि **निःशुल्क खाना र बस्नको व्यवस्थासहित** देहाय बमोजिमका तालिमहरू सञ्चालन गर्न लागेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, इच्छुक र योग्य उम्मेदवारहरूलाई **२०८३/०१/२० गते भित्र** आवश्यक कागजातसहित वडा कार्यालय वा सिधै संस्थामा सम्पर्क गर्न सूचित गरिन्छ।

| क्र.सं. | तालिमको विषय | अवधि | सहभागी उमेर | शैक्षिक योग्यता | कोटा |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७-४० वर्ष | साधारण लेखपढ | १० जना |
| २ | डकर्मी, प्लम्बर र स्टिल फिक्चर | ४ महिना | १७-४० वर्ष | साधारण लेखपढ | १० जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाइल मर्मत | ४ महिना | - | कक्षा ८ उत्तीर्ण | २ जना |
| ४ | बेसिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | १७-२७ वर्ष | - | २ जना |

........................
नवराज मली
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner

Govt. Regd. No.: 187786/074/075

PVTTI

# POKHARA VALLEY
## TECHNICAL TRAINING INSTITUTE PVT. LTD.

(Affiliated with CTEVT)
Pokhara-11 Ranipauwa
Kaski, Nepal
Tel: +977-61-522569, 9856031569
Email: cospnibl@gmail.com

श्री गाउँपालिका प्रमुख ज्यु

मिति :- २०८२/१२/०५

नरैनापुर गाउँपालिकाको कार्यलय

बाँके, नेपाल

**विषय :-** नि:शुल्क तालीम मा सहभागी छनोट गरी पठाई दिने सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.ली मा विभिन्न विषयमा नि:शुल्क खाना वस्न सहितको विभिन्न सीप मुलक तालीम संचालन गरीरहेको व्यहोरा अवगत गराउदै यस आ.व २०८२/८३ को तेस्रो समूह संचालन हुने हुदाँ यस स्थानीय तहका विभिन्न वडा मा रहेका युवा वैदेशीक रोजगार तथा स्वदेशमा रोजगारि र उधमी बन्न चाहाने बेरोजगार युवा लाई तपशिल का तालीम मा समावेश गराई दिनु हुन अनुरोध साथ यो पत्र पठाईएको व्यहोरा जानकारी गराउदछौं ।

**तपशिल तालीमका विषय र समयअवधि**

| कस | तालीम विषय | अवधि | सहभागी उमेर | शैक्षीक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७ - ४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २ | डकमी प्लम्वर र स्टिल फिक्र्चर | ४ महिना | | | १० जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७ - २७ वर्ष भित्रका | ८कक्षा उत्तीर्ण | २ जना |
| ४ | वेशिक र एडभान्स इलेक्ट्रीकल | ६ महिना | | | २ जना |

- **आवस्यक कागज पत्रहरु**

१) नेपाली नागरिक्ता प्रतिलिपि ...१, २) पासपोट साईज को फाटो......२, ३) शैक्षीक प्रमाण पत्र प्रतिलिपी....१, ४) अभिभावक मन्जुरी नामा र सम्झौता पत्र........१, ५) धरौटी रकम फिर्ता हुने गरी रु ५००० मात्र

- **तालीम मा सुविधाहरु**

१) तालीम पूर्ण रुपमा निशूल्क
२) खाना तथा वस्न निशूल्क व्यावस्था
३) प्रतेक महिना रु १००० निर्भाहा भत्ता पाउने
४) आउने र जाने बस भाडा (एक पटक) को व्यवस्था

- तालीम सहभागी दर्ता मिति : २०८३/०१/२० भित्रमा र तालीम संचालन मिति : २०८३/०१/२५ देखी
- **नोट: तालिम पुरा भइ सके पछि वैदेशिक रोजगार तथा स्वदेश मा रोजगार को व्यवस्था रहेको व्यहोरा जानकारी गराउदछौ ।**

**सर्म्पक कार्यलय**

पोखरा भ्याली टेक्निकल टेनिङ्ग इन्स्टिच्युट प्रा.ली
पोखरा-११, रानीपौवा, फोन :०६१-५७२५६९, ९८५६०३१५६९, ९७६६१३३५१८
Email :&Whatsapp No : ९८०५१३४४२२

Bishnu
**ब्यावस्थापक**
विस्णु प्रसाद लामिछाने

**बोदार्थ: १) सम्बन्धित पालिका कार्यलयको वडा अध्यक्ष ज्यु**
**२) सम्बन्धित पालिका को रोजगार संयोजक ज्यु**

Scanned with CamScanner

CamScanner

## पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम ....................................................... .(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री.....................................को छोरा..................................................निबासी श्री................................................ (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

### प्रथम पक्षको जिम्मेवारी

- प्राविधिक शिक्षा तथा व्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्कम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण  कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

### दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सकिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

Scanned with CamScanner

CamScanner

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ। यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यहोंन पर्ने छ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ। उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ।
- पर्खाल तथा गेट बाट फिटकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु। उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ। यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यहोंने छौ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| ................. | .......................... | ............................ |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |

Scanned with CamScanner

CamScanner